# नेपाल इन्जिनियर्स एशोसिएसनको तीन महले विधान संशोधन फारम २०७५

| क्र. सं. | साविकको व्यवस्था | हालको व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| | प्रस्तावना: नेपालको सर्वाङ्गीण विकासको क्रममा देशका इन्जिनियर समुदायको भूमिका सुव्यवस्थित तवरले प्रभावशाली बनाउनको साथै समुदायको पेशागत हित र समुन्नतिका लागि संगठित तवरले सामुहिक रुपमा काम गर्न मुनाफारहित एवं गैर राजनैतिक एक संस्थाको स्थापना गर्ने उद्देश्यबाट विक्रम सम्वत् २०१९ सालमा स्थापित नेपाल इन्जिनियर्स एशोसिएसनले २०२४ सालमा तयार भएको विधान अन्तर्गत काम गर्दै आएकोमा त्यस विधानमा समसामयिक संशोधन गर्न वान्छनीय देखिएकाले यो तेस्रो संशोधन ०५१/०१/३१ को विशेष साधारण सभाबाट पारित भई मिति ०५१/०३/२० देखि लागू गरिएको छ । | प्रस्तावना: नेपालको सर्वाङ्गीण विकासको क्रममा देशका इन्जिनियर समुदायको भूमिका सुव्यवस्थित र प्रभावकारी बनाउनको साथै समुदायको पेशागत हित र समुन्नतिका लागि संगठित तवरले सामुहिक रुपमा काम गर्न मुनाफारहित एवं गैर राजनैतिक गैर सरकारी सामाजिक संस्थाको स्थापना गर्ने उद्देश्यबाट वि.सं. २०१९ सालमा स्थापित नेपाल इन्जिनियर्स एशोसिएसनले २०२४ सालमा तयार भएको विधानको तेस्रो संशोधन २०५१ अन्तर्गत काम गर्दै आएकोमा नेपालको संविधान २०७२ अनुरुप मुलुकमा संघीय शासन व्यवस्था लागू भैसकेको अवस्थामा उक्त विधानमा समसामयिक संशोधन गर्न वान्छनीय भएकोले संस्था दर्ता ऐन २०३४ को अधिनमा रही विशेष साधारण सभा २०७५ बाट विधानको चौथो संशोधन पारित गरिएको छ । | मुलुक संघीय संरचनामा गईसकेको र मुलुकमा इन्जिनियरहरुको संख्यामा निकै वृद्धि भैसकेको सन्दर्भमा सोही अनुसार संसोधन गर्नुपर्ने भएकोले |
| १ | नाम<br>(क) यो संस्थाको नाम "नेपाल ईन्जिनियर्स एशोसिएसन" रहेको छ ।<br>२०६५/३/२८ ४५/३/२८ प्रशासकीय अधिकृत | संक्षिप्त नाम र प्रारम्भ:<br>(क) यस संस्थाको नाम "नेपाल ईन्जिनियर्स एशोसिएसन" रहेको छ । यसलाई अंग्रेजीमा Nepal Engineers' Association भनिनेछ ।<br>(ख) यो विधान यस संस्थाका सदस्यहरुलाई लागू हुनेछ ।<br>(ग) यो विधानको संशोधन स्थानीय अधिकारीबाट स्विकृत भएको मिति देखि लागू हुनेछ । | साविकको व्यवस्था पूर्ण नभएकाले र साविकको विधान संसोधन पश्चात नयाँ विधान लागू हुने मिति तय गर्नुपर्ने भएकोले |
| २ | ठेगाना:<br>(क)यो संस्थाको केन्द्रिय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ । यस विधानको अधिनमा रही आवश्यकता अनुसार नेपालभित्र र बाहिर क्षेत्रीय केन्द्र र केन्द्रहरु खोल्न सकिनेछ । | संस्थाको कार्यालय रहने ठेगाना:<br>(क) यो संस्थाको केन्द्रिय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।<br>(ख)यस विधानको अधिनमा रही आवश्यकता अनुसार नेपालभित्र प्रदेश सरकारको स्विकृति लिई प्रदेश केन्द्र र स्थानीय तह समेटने गरी स्थानीय केन्द्रहरु स्थानीय अधिकारीको स्विकृति लिई खोल्न सकिनेछ । | संघीय संरचना बमोजिम थप्नुपर्ने भएकाले । |
| ३ | २. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा<br>(क)"संस्था" वा "एशोसिएसन" भन्नाले नेपाल ईन्जिनियर्स एशोसिएसनलाई जनाउनेछ ।<br>(ख)"विधान" भन्नाले नेपाल ईन्जिनियर्स एशोसिएसनको विधान ( संशोधन सहित) लाई जनाउनेछ ।<br>(ग)"नियम" वा "उपनियम" भन्नाले यो विधान अन्तरगत बनेका | ३. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा<br>(क) "संस्था" वा "एशोसिएसन" भन्नाले नेपाल ईन्जिनियर्स एशोसिएसनलाई जनाउनेछ ।<br>(ख) "विधान" भन्नाले नेपाल ईन्जिनियर्स एशोसिएसनको विधान (चौथो संशोधनसहित) लाई जनाउनेछ ।<br>(ग) "सल्लाहकार परिषद्" भन्नाले त्यस्तो सभालाई जनाउनेछ । जसले संस्थालाई समय समयमा आवश्यक राय सल्लाह प्रदान गर्नेछ । यसलाई अंग्रेजीमा Advisory Council भनिनेछ । | संस्थालाई थप बलियो र सहभागीतामूलक बनाउन खोजिएको । |

| | | | |
|---|---|---|---|
| | एशोसिएसनका नियम तथा उपनियमलाई जनाउनेछ ।<br>(ङ) "तोकिए बमोजिम" वा "तोकिएको" भन्नाले यस विधान र विधान अन्तर्गत बनेका नियम उपनियममा तोकिएको कुरालाई जनाउनेछ ।<br>(च)"परिषद" भन्नाले एशोसिएसनको कार्यकारिणी समितिलाई जनाउनेछ ।<br>(ज)"सदस्य" भन्नाले यस विधान अन्तर्गत सम्पूर्ण अधिकार उपभोग गर्न पाउने फेलो, साधारण सदस्य र आजीवन सदस्यलाई जनाउनेछ ।<br>(झ)"ईन्जिनियर" भन्नाले आर्किटेक्ट समेतलाई जनाउनेछ । | (घ) "नियम" वा "उपनियम" भन्नाले यो विधान अन्तरगत बनेका एशोसिएसनका नियम तथा उपनियमलाई जनाउनेछ ।<br>(ङ)"तोकिए" वा "तोकिए बमोजिम" भन्नाले यस विधान र विधान अन्तर्गत बनेका नियम उपनियममा तोकिएको कुरालाई जनाउनेछ ।<br>(च)"समिति" भन्नाले एशोसिएसनको कार्यकारिणी समितिलाई जनाउनेछ ।<br>(छ)"पदाधिकारी" भन्नाले यस विधान बमोजिम निर्बाचित कार्यकारिणी समितिका विभिन्न पदमा रहेका पदाधिकारीहरुलाई सम्झनुपर्दछ ।<br>(ज)"सदस्य" भन्नाले यस विधान अन्तर्गत सम्पूर्ण अधिकार उपभोग गर्न पाउने फेलो, साधारण सदस्य र आजीवन सदस्यलाई जनाउनेछ ।<br>(झ)"ईन्जिनियर" भन्नाले आर्किटेक्ट समेतलाई जनाउनेछ ।<br>(ञ)"प्रदेश केन्द्र" भन्नाले संघीय संरचनाअनुसार नेपाल सरकारले तोकेको प्रदेशलाई बुझाउनेछ<br>(ट) प्रदेश सभा भन्नाले संस्थाको प्रदेश केन्द्रमा आवद्ध ईन्जिनियरहरुको समूहलाई बुझाउने छ ।<br>(ठ) स्थानीय सभा भन्नले संस्थाको स्थानीय केन्द्रमा आवद्ध ईन्जिनियरहरुको समूहलाई बुझाउने छ ।<br>(ड)"स्थानीय केन्द्र" भन्नाले स्थानीय तहलाई जनाउने छ ।<br>(ढ) "स्थानीय अधिकारी" भन्नाले सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई जनाउनेछ । | |

| | | | |
|---|---|---|---|
| ४ | संस्थाको छाप र चिन्ह:<br>साविकमा व्यवस्था नभएको । | संस्थाको छाप र चिन्ह: प्रचलित व्यवस्थाको प्रतिकूल नहुने गरी एशोसिएसनको एउटा छुट्टै छाप र चिन्ह हुनेछ । छाप र चिन्ह केन्द्रीय कार्यसमितिले निर्णय गरी अंग्रेजी तथा नेपाली भाषामा प्रयोगमा ल्याउनेछ । तर संस्थाको नाम, छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासँग मेल खाएमा संशोधनको प्रक्रियाद्वारा तुरुन्त संशोधन गरिनेछ । | हाल उल्लेख गर्न जरुरी भएकोले । |
| ५. | उद्देश्य<br>यस संस्थाका उद्देश्यहरु निम्नलिखित हुनेछन् ।<br>(क) नेपालमा ईन्जिनियरिङ विज्ञान र प्रविधीको समुचित विकास तथा परिचालन गर्ने गराउने तर्फ सहयोग पुऱ्याउने ।<br>(ख) नेपाली ईन्जिनियरहरुबीच आपसी सम्पर्क, सद्भावना र सहयोग बढाउने तथा उनीहरुको हक हितको सुरक्षा गर्ने ।<br>(ग)नेपालको राष्ट्रिय विकास गतिविधिमा देशका इन्जिनियर जनशक्तिको सहभागिताको हदैसम्म उपयोग गरेर यसतर्फ विदेशी निर्भरतालाई अन्त्य गर्न प्रयास गर्ने ।<br>(घ)सदस्यहरु बीच पेशागत उच्चतम आदर्शलाई निरन्तर अभिवृद्धि गर्ने तथा व्यापक तुल्याउने ।<br>(ङ) अन्तर्राष्ट्रिय ईन्जिनियरिङ संघ संस्थासँग सम्बन्ध, आपसी सहयोग तथा सद्भावना राख्ने । | संस्थाको उद्देश्य : नेपालको प्रचलित ऐन, कानुनको अधिनमा रही सम्बन्धित निकायसँग समन्वय र सामन्जस्य कायम राखी आफ्ना पेशागत गतिविधी तथा कार्यक्रम सञ्चालन गर्ने गरी संस्थाका निम्न बमोजिम उद्देश्यहरु हुनेछन् ।<br>(क) यो संस्था मुनाफारहित, जनहितकारी सामाजिक संस्था हुनेछ ।<br>(ख) मुनाफारहित, गैरराजनीतिक,सामाजिक संस्थाको रुपमा नेपालमा इन्जिनियरिङ, विज्ञान र प्रविधिको समुचित विकास तथा परिचालन गर्ने गराउने तर्फ सहयोग पुऱ्याउने ।<br>(ग) नेपाली ईन्जिनियरहरुबीच आपसी सम्पर्क, सद्भावना र सहयोग बढाउने तथा उनीहरुको हक हितको सुरक्षा गर्ने ।<br>(घ) नेपालको राष्ट्रिय विकास गतिविधिमा देशका इन्जिनियर जनशक्तिको सहभागिताको हदैसम्म उपयोग गरेर यसतर्फ विदेशी निर्भरतालाई अन्त्य गर्न प्रयास गर्ने ।<br>(ङ) सदस्यहरु बीच पेशागत उच्चतम आदर्शलाई निरन्तर अभिवृद्धि गर्ने तथा व्यापक तुल्याउने ।<br>(च)आवश्यकतानुसार इन्जिनियरिङ क्षेत्रमा अध्ययन, अनुसन्धान, तालिम, परामर्श उपलब्ध गराउने<br>(छ) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा विभिन्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँगको सहकार्यमा ईन्जिनियरहरुको पेशागत विकास गर्दै देश विकासमा दत्तचित रहने ।<br>(ज)सूचना प्रविधिको बिस्तारमा टेवा पुऱ्याउने ।<br>(झ)अन्तर्राष्ट्रिय ईन्जिनियरिङ संघ संस्थासँग सम्बन्ध, आपसी सहयोग तथा सद्भावना राख्ने ।<br>(ञ)राष्ट्रिय विकासको हरेक गतिविधीहरुमा प्राविधिक ज्ञान र सीपको हदैसम्म उपयोग गरी ईन्जिनियरिङ क्षेत्रको नीति निर्माणमा सहयोग पुऱ्याउने ।<br>(ट)यो संस्था एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित पेशागत संस्था हुनेछ ।<br>(ठ) यस संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, भोगचलन गर्न र हक हस्तान्तरण गरी लिन दिन सक्नेछ ।<br>(ड)यस संस्थाले आफ्ना उद्देश्य पूरा गर्ने क्रममा आवश्यक परेमा स्वदेश तथा विदेशका विभिन्न व्यक्ति कार्यालय वा संघ संस्थाहरुसँग सहकार्य सरसल्लाह सहयोग आदान प्रदान गर्न तथा समन्वय स्थापना गर्न सक्नेछ ।<br>(ढ) यस संस्थाले समान उद्देश्य भएका अन्य संस्थाहरुसँग कार्यगत सहकार्य गर्न सक्नेछ । | साविकको व्यवस्थामा केही थप गर्नुपरेकोले । |
| ६. | संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु:<br>साविकको विधानमा व्यवस्था नभएको । | संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु: यस संस्थाले माथि उल्लेखित आफ्ना उद्देश्य प्राप्त गर्न देहायका कार्यहरु गर्नेछ ।<br>(क)संस्थाले प्रचलित नेपाल कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति लिनुपर्ने भएमा लिई | विधानको ढाँचामा लैजानुपर्ने |

| | | | |
|---|---|---|---|
| | | आफ्ना उद्देश्यहरुको कार्यान्वयन गर्नेछ ।<br>(ख)संस्थालाई आवश्यक पर्ने जग्गा जमिन खरिद गर्न वा अन्य कुनै तवरले प्राप्त गर्न, भवन निर्माण गर्न वा भाडामा लिन वा लिजमा लिन सक्नेछ । यसरी खरिद वा प्राप्त गरेको चल अचल सम्पत्ति कुनैपनि तवरले धितोबन्धक, बिक्रीवितरण लगायत अन्य तवरबाट हक हस्तान्तरण गर्न सक्नेछ । अचल सम्पतिको बिक्री गर्दा वा हक हस्तान्तरण गर्दा सम्बन्धित स्थानीय अधिकारीको स्विकृति लिइने छ ।<br>(ग)संस्थालाई आवश्यक पर्ने फर्निचर, कम्प्युटर, टेलिफोन, प्रिन्टर्स लगायत कार्यालय सामाग्री तथा सवारी साधन खरिद गर्न सक्नेछ वा भाडामा लिई प्रयोग गर्न सक्नेछ ।<br>(घ)संस्थाले आफ्नो उद्देश्य परिपूर्ति र कार्यान्वयनको निमित्त विभिन्न सरकारी, अर्धसरकारी, निजी संस्था एवं स्थानीय तह तथा सरोकारवाला प्राज्ञ, विज्ञ, विशेषज्ञ, प्राविधिक, उद्यमी, व्यवसायीहरुसँग सहकार्य, समझदारी, साझेदारी र समन्वयमा कायम गर्न सक्नेछ ।<br>(ङ) संस्थाले आफ्नो हितको संरक्षण गर्न यस विधान र प्रचलित नेपाल कानुनले प्रदान गरेको अख्तियारी प्रयोग गर्नेछ । | भएकाले । |

<table>
<tr>
<td>७</td>
<td>३. सदस्यता<br>प्रकार :<br>एशोसियसनका निम्न प्रकारका सदस्यहरु हुनेछन् ।<br>(क) साधारण सदस्य<br>(ख) आजीवन सदस्य<br>(ग) फेलो<br>(घ) मानार्थ<br>(ङ) संस्थागत<br>(च) ननकर्पोरेट<br>२. योग्यता<br>२) योग्यता<br>क)साधारण सदस्य<br>नेपाल इन्जिनियर्स एशोसिएसनले मान्यता दिएको कुनै विश्वविद्यालय वा उच्च शिक्षण संस्थानबाट आर्किटेक्चर वा इन्जिनियरिङ्ग टेक्नोलोजी विषयमा कम्तिमा स्नातकोपाधि प्राप्त गरी आर्किटेक्चर, इन्जिनियरिङ्ग वा सम्बन्धित पेशामा लागेका व्यक्तिले एशोसिएसनको सदस्यता प्राप्त गर्न सक्नेछन ।<br>ख) आजीवन सदस्यता<br>देहायका अवस्थामा एशोसिएसनको आजीवन सदस्यता प्राप्त गर्न सकिने छ ।<br>अ. कम्तिमा ५ वर्षको सदस्यता कायम राखेका सदस्यले एशोसिएसनलाई बुझाउनु पर्ने सबै बाँकी रकमका साथै आजीवन सदस्यताको लागि तोकिएको शुल्क बुझाई आजीवन सदस्यताको लागि माग गरेको आवेदन परिषदद्वारा स्वीकृत भएमा ।<br>आ.६० वर्ष उमेर पुग्दासम्म कायम राखेका संस्थापक सदस्य (०२४ सालको सदस्यता) वा कम्तिमा २५ वर्षसम्म सदस्यता शुल्क तिरी सकेका भए ६० वर्ष पुगेका सदस्यलाई परिषदले स्वतः आजीवन सदस्य वनाउनु पर्नेछ ।<br>ग)फेलो<br>देहायको योग्यता पुगेको कुनै सदस्य एशोसिएसनको फेलो बन्न सक्ने छन ।<br>अ.कम्तिमा १० वर्षसम्म अविछिन्न सदस्यता कायम राखी सम्बन्धित पेशामा लागेका र उल्लेखनीय योगदान दिएका ।</td>
<td>(क) साधारण सदस्य : नेपाल इन्जिनियर्स एशोसिएसनले मान्यता दिएको कुनै विश्वविद्यालय वा उच्च शिक्षण संस्थानबाट आर्किटेक्चर वा इन्जिनियरिङ टेक्नोलोजी विषयमा कम्तिमा स्नातकोपाधि प्राप्त गरी आर्किटेक्चर, इन्जिनियरिङ वा सम्बन्धित पेशामा लागेका व्यक्तिले तोकिएको शुल्क बुझाई एशोसिएसनको सदस्यता प्राप्त गर्न सक्नेछन् ।<br>(ख)आजीवन सदस्यता : देहायका अवस्थामा एशोसिएसनको आजीवन सदस्यता प्राप्त गर्न सकिनेछ ।<br>अ. एशोसिएसनको आजीवन सदस्यता लिन चाहने व्यक्तिले एशोसिएसनलाई बुझाउनुपर्ने सबै बाँकी रकमका साथै आजीवन सदस्यताको लागि तोकिएको शुल्क एकमुष्ट बुझाई दिएको आवेदन समितिद्वारा स्वीकृत भएमा ।<br>आ. ६० वर्ष उमेर पुग्दासम्म कायम राखेका संस्थापक सदस्य (०२४ सालको सदस्यता) वा कम्तिमा २५ बर्षसम्म सदस्यता शुल्क तिरी सकेको भए ६० बर्ष पुगेका सदस्यलाई समितिले स्वतः आजीवन सदस्य बनाउनुपर्नेछ ।<br>(ग)फेलो : देहायको योग्यता पुगेको कुनै सदस्य एशोसिएसनको फेलो बन्न सक्नेछन् ।<br>अ.कम्तिमा १५ बर्षसम्म अविछिन्न सदस्यता कायम राखी सम्बन्धित पेशामा लागेका र उल्लेखनीय योगदान दिएका ।<br>आ.यस विधान अन्तर्गत बनेका विनियमले तोकेको अन्य योग्यता र प्रक्रिया समेत पूरा गरेका आजिवन सदस्यले दिएको आवेदन माथि विचार गरी समितिले फेलो प्रदान गर्ने निर्णय गरेमा ।<br>(घ)मानार्थ सदस्य : एशोसिएसनको हित संरक्षण तथा प्रतिष्ठा सम्बर्द्धनका लागि योगदान गरेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा इन्जिनियरिङ्ग क्षेत्र या पेशाको हितको लागि कार्य गरेको वा ठोस योगदान दिएको ख्याति प्राप्त व्यक्तिलाई निजको इन्जिनियरिङ स्नातक डिग्री नभएपनि समितिले मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।<br>(ङ)संस्थागत सदस्य : कुनै सदस्य वा सदस्यहरुको नाममा दर्ता भएको वा कम्तिमा एकजना एशोसिएसनका सदस्य व्यवस्थापनको उच्च तहमा संलग्न रहेको इन्जिनियरिङ वा आर्किटेक्चर सम्बन्धि काम गर्ने कम्तिमा २०० जना यस एशोसिएसनको सदस्य भएको मान्यता प्राप्त संघ वा संस्थाले आवेदन दिएमा त्यस्तो संस्थालाई समितिको निर्णयद्वारा यस एशोसिएसनको संस्थागत सदस्यता प्रदान गर्न सकिनेछ ।<br>(च)माथि बुँदा (ङ) मा जुनसुकै कुरा लेखिएको भएतापनि हाल कायम रहेका संस्थागत सदस्यहरु यथावत कायम रहने छन् ।</td>
<td>आम सदस्यहरुको माग बमोजिम परिमार्जन गरिएको</td>
</tr>
</table>

| | | | |
|---|---|---|---|
| | आ.फेलो बन्न आवेदन दिंदा कम्तिमा ३५ वर्ष उमेर पुगेका ।<br>इ.यस विधान अन्तर्गत बनेका विनियमले तोकेको अन्य योग्यता र प्रक्रिया समेत पूरा गरी सदस्यले दिएको आवेदन माथि विचार गरी परिषदले फेलो प्रदान गर्ने निर्णय गरेमा ।<br>घ)मानार्थ सदस्य<br>एशोसिएसनको हित संरक्षण तथा प्रतिष्ठा सम्वर्धनमा लागी योगदान गरेको राष्ट्रिय तथा अन्तर्राराष्ट्रिय जगतमा इन्जिनियरिङ्ग क्षेत्र या पेशाको हितको लागि कार्य गरेको वा ठोस योगदान दिएको ख्याति प्राप्त व्यक्तिलाई निजको इन्जिनियरिङ्ग स्नातक डिग्री नभए पनि मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ ।<br>ङ)संस्थागत सदस्य<br>कुनै सदस्य वा सदस्यहरुको नाममा दर्ता भएको वा कम्तिमा एकजना एशोसिएसनका सदस्य व्यवस्थापन तहमा संलग्न रहेको इन्जिनियरिङ्ग वा आर्किटेक्चर सम्वन्धि काम गर्ने मान्यता प्राप्त संघ वा संस्थालाई यस एशोसिएसनको संस्थागत सदस्यता प्रदान गर्न सकिनेछ । तर त्यस्तो संघ संस्थाबाट एशोसिएसनमा प्रतिनिधित्व गर्ने व्यक्ति एशोसिएसनको सदस्य हुनु पर्ने छ ।<br>च)ननकर्पोरेट सदस्य<br>माथी उल्लेख गरको देखि बाहेकका एशोसिएसनका वर्तमान सदस्य ननकर्पोरेट सदस्य हुनेछन ।<br>छ)यो विधान संशोधन हुंदासम्मका एशोसिएट सदस्यहरु स्वत: सदस्य हुनेछन । | | |

| | | | |
|---|---|---|---|
| ८. | साधारण सभा :<br>१) परिभाषा र अधिकार<br>सबै सदस्यहरुको समूहलाई साधारण सभा भनिनेछ जुन एशोसिएसनको सर्वोच्च अंग हुनेछ । यसले एशोसिएसनको नीति निर्माण गर्न समितिलाई निर्देशन दिने लगायत व्यवस्थापिका तथा सर्वोच्च कार्यपालिकाको रुपमा पनि काम गर्नेछ ।<br>२) साधारण सभाका प्रकार<br>(क) वार्षिक साधाण सभा :- वर्षको एकपटक संस्थाको वार्षिक साधारण सभा बस्नेछ । यस्तो सभाका लागि सभा हुनुभन्दा घटीमा २१ दिन अगावै समितिले सभामा छलफल हुने विषय समेत समावेश गरी सबै सदस्यलाई सूचना दिनुपर्ने छ । यस्तो साधारण सभामा छलफल गर्न भनी कुनै बिषय समावेश गरियोस् भनी कम्तीमा ४५ दिन अगाडि घटीमा १० जना सदस्यद्धारा समर्थित कुनै प्रस्ताव पेश हुन आएको भए सो समेत खुलाई प्रस्तुत गर्नुपर्ने छ ।<br>(ख) विशेष साधारण सभा :- समितिले निर्णय गरेमा ४० जना सदस्यले कुनै विषयमा छलफल गर्ने भनी लिखित माग गरेमा त्यस्तो माग प्राप्त भएको ७ दिन भित्र १५ दिनको सूचना दिई विशेष साधारण सभा बोलाउनु पर्नेछ । | साधारण सभा : सबै सदस्यहरुको समूहलाई साधारण सभा भनिनेछ जुन एशोसिएसनको सर्वोच्च अंग हुनेछ । यसले एशोसिएसनको नीति निर्माण गर्न समितिलाई निर्देशन दिने लगायत व्यवस्थापिका तथा सर्वोच्च कार्यपालिकाको रुपमा पनि काम गर्नेछ । प्रदेश केन्द्रमा आवद्ध सदस्यहरुको समूहलाई प्रदेश सभा भनिनेछ । जुन प्रदेश समितिको वार्षिक प्रतिवेदन पारित गर्ने तथा भावी कार्यक्रमहरु तय गर्नको लागि आवश्यक निर्देशन तथा सुझाव दिने काम गर्नेछ । स्थानीय केन्द्रमा आवद्ध सदस्यहरुको समूहलाई स्थानीय सभा भनिनेछ । जुन स्थानीय समितिको वार्षिक प्रतिवेदन पारित गर्ने तथा भावी कार्यक्रमहरु तय गर्नको लागि आवश्यक निर्देशन तथा सुझाव दिने काम गर्नेछ ।<br>(१) साधारण सभाका प्रकार:<br>(क) वार्षिक साधाण सभा :- वर्षको एकपटक संस्थाको वार्षिक साधारण सभा बस्नेछ । यस्तो सभाका लागि सभा हुनुभन्दा घटीमा २१ दिन अगावै समितिले सभामा छलफल हुने विषय समेत समावेश गरी सबै सदस्यलाई सार्वजनिक सूचना दिनुपर्ने छ ।<br>(ख) विशेष साधारण सभा :- समितिले निर्णय गरेमा वा कम्तिमा हाल कायम रहेका एशोसिएसनका १/४ (एक चौथाई) सदस्यले कुनै विषयमा छलफल गर्ने भनी लिखित माग गरेमा त्यस्तो माग प्राप्त भएको १५ दिन भित्र ३५ दिनको सूचना दिई विशेष साधारण सभा बोलाउनु पर्नेछ ।<br>१३.बार्षिक साधारण सभामा छलफल गर्नुपर्ने विषयहरु: निम्नलिखित विषयहरु वार्षिक साधारण सभामा अनिवार्य रुपमा प्रस्तुत गर्नुपर्नेछ ।<br>(क)संस्थाको वार्षिक प्रतिवेदन ।<br>(ख)वार्षिक आम्दानी खर्चको विवरण ।<br>(ग)लेखापरिक्षक नियुक्ति गर्ने ।<br>(घ)विविध । | साविककाे व्यवस्थामा केही थप गरिएको । |
| ९. | साविकमा व्यवस्था नभएको | प्रदेश सभा तथा स्थानीय सभाको आव्हान:<br>(क)प्रदेश सभा:- वर्षको एकपटक प्रदेश सभा बस्नेछ । यस्तो सभाका लागि सभा हुनुभन्दा घटीमा २१ दिन अगावै प्रदेश समितिले सभामा छलफल हुने विषय समेत समावेश गरी सबै सदस्यलाई सूचना दिनु पर्ने छ । यस्तो सभामा छलफल गर्न भनी कुनै विषय समावेश गरियोस भनी कम्तिमा ३० दिन अगाडि घटीमा १५ जना सदस्यद्वारा समर्थित कुनै प्रस्ताव पेश हुन आएको भए सो समेत खुलाई प्रस्तुत गर्नुपर्नेछ ।<br>(ख) स्थानीय सभा: वर्षको एक पटक स्थानीय सभा बस्नेछ । यस्तो सभाका लागि सभा हुनु भन्दा घटीमा १५ दिन अगावै स्थानीय समितिले सभामा छलफल हुने विषय समेत समावेश गरी सबै सदस्यलाई सूचना दिनुपर्ने छ । यस्तो सभामा छलफल गर्नको लागि कुनै विषय समावेश गरियोस भनि कम्तिमा ७ दिन अगाडि घटीमा ९ जना सदस्यद्वारा समर्थित कुनै प्रस्ताव पेश हुन आएको भए सो समेत खुलाई प्रस्तुत गर्नुपर्नेछ । | |

| | | | |
|---|---|---|---|
| १०. | गणपूरक संख्या:<br>(क)यस विधानमा अन्य व्यवस्था भएकोमा वाहेक साधारण सभाका लागि साधारण सभा बोलाउँदाका समय संस्थामा कायम रहेको सदस्य संख्याको कम्तिमा १० प्रतिशत सदस्यको उपस्थितिलाई गणपूरक संख्या मानिनेछ । गणपूरक संख्याको अभावमा कुनै साधारण सभा हुन नसकेमा त्यसको ठीक ७ दिनपछि तोकिएको स्थान र समयमा अर्को सभा हुनेछ र जसमा जतिसुकै सदस्य उपस्थिति भएपनि सभा सम्पन्न गर्न यस उपदफाले वाधा पुऱ्याएको मानिने छैन । अन्यथा उल्लेख भएमा बाहेक साधारण सभामा उठाईएका प्रश्नहरुको निर्णय गर्दा उपस्थित सदस्यको साधारण बहुमतले पारित हुनेछ । | गणपूरक संख्या:<br>क) यस विधानमा अन्य व्यवस्था भएकोमा वाहेक साधारण सभाका लागि साधारण सभा बोलाउँदाका समय संस्थामा कायम रहेको सदस्य संख्याको कम्तिमा ६७ प्रतिशत (दुई तिहाई) सदस्यको उपस्थितिलाई गणपूरक संख्या मानिनेछ । गणपूरक संख्याको अभावमा कुनै साधारण सभा हुन नसकेमा त्यसको ठीक ७ दिनपछि तोकिएको स्थान र समयमा अर्को सभा हुनेछ र जसमा कूल सदस्य संख्याको ५१ प्रतिशत उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन । दोस्रो पटकपनि गणपुरक संख्याको अभावमा सभा बस्न नसकेको खण्डमा तेस्रो पटकका लागि पुन: ठीक ७ दिन पछि तोकिएको स्थान र समयमा अर्को सभा बोलाईनेछ जसमा जतिसुकै सदस्य उपस्थिति भएपनि सभा सम्पन्न गर्न यस उपदफाले वाधा पुऱ्याएको मानिने छैन । कुनै विशेष एजेण्डा उपर छलफल गरी निर्णय गर्नु परेमा उक्त सभामा उपस्थित सदस्य संख्याको दुई तिहाई बहुमतले पारित हुनेछ ।<br>(ख) प्रदेश सभा तथा स्थानीय सभाका लागि सभा बोलाउँदाका समय कायम रहेको आवद्ध सदस्य संख्याको कम्तिमा ५१ प्रतिशत सदस्यको उपस्थितिलाई गणपूरक संख्या मानिनेछ । गणपूरक संख्याको अभावमा प्रदेश सभा तथा स्थानीय सभा हुन नसकेमा त्यसको ठीक ७ दिनपछि तोकिएको स्थान र समयमा अर्को सभा हुनेछ । जसमा जतिसुकै सदस्य उपस्थिति भएपनि सभा सम्पन्न गर्न यस दफाले वाधा पुऱ्याएको मानिने छैन । अन्यथा उल्लेख भएमा बाहेक प्रदेश सभा तथा स्थानीय सभामा उठाईएका प्रश्नहरुको निर्णय गर्दा उपस्थित सदस्यको साधारण बहुमतले पारित हुनेछ ।<br>(ग) प्रदेश सभा र स्थानीय सभामा छलफल गर्नुपर्ने विषयहरु:<br>(अ) प्रदेश सभाको वार्षिक प्रतिवेदन, बार्षिक आम्दानी खर्चको विवरण । | साविकको व्यवस्थामा भएको केही अस्पस्टतालाई प्रस्ट गरिएको । |
| ११. | साविकमा व्यवस्था नभएको | संगठनात्मक संरचना: राज्य पुनर्रसंरचनासँगै संघीय शासन प्रणालीमा मुलुक प्रवेश गरिसकेको वर्तमान अवस्था र नेपालको संविधानको कार्यान्वियनको सन्दर्भमा सामुहिक तथा सहभागीतामूलक प्रतिनिधीत्वलाई नेपाल ईन्जिनियर्स एशोसिएसनको संगठित ढाँचामा समेत प्रतिविम्वित गर्नु वाञ्छनीय भएकोले यथाशक्य सबै क्षेत्रको सहकार्य एवं व्यापक सहभागितामूलक संरचना मार्फत केन्द्रीय कार्यकारिणी समितिलाई समय समयमा आवश्यक राय सल्लाह तथा नीति निर्माणमा सहयोग पुऱ्याउने हेतुले Advisory council गठन गर्नुपर्ने आवश्यकता देखिएको हुँदा देहाय बमोजिमको संरचनामा एक Advisory Council (सल्लाहकार परिषद्) समेत रहनेछ ।<br>सल्लाहकार परिषद् (Advisory Council) : साधारणसभाको मातहतमा सल्लाहकार परिषद् रहनेछ । जसको मुख्य कार्य समय सापेक्ष आवश्यक सल्लाह, सुझाव तथा दिर्घकालिन नीतिनिर्माण गर्नमा कार्यकारिणी समितिलाई सहयोग पुऱ्याउने छ । देहाय बमोजिमको संरचनामा Advisory Council को गठन हुनेछ।<br>(क)नेपाल ईन्जिनियर्स एशोसिएसनको निवर्तमान अध्यक्ष - अध्यक्ष | संस्थालाई थप बलियो र सहभागीतामूलक बनाउनु पर्ने भएकोले |

| | | | |
|---|---|---|---|
| | | (ख)नेपाल ईन्जिनियर्स एशोसिएसनको उपाध्यक्ष - १ जना सदस्य<br>(ग) ने.ई.ए. को अध्यक्षद्वारा पूर्व अध्यक्षहरु मध्येबाट मनोनित - ३ जना सदस्य<br>(घ)नेपाल ईन्जिनियरिङ परिषद्का अध्यक्ष, उपाध्यक्ष, र रजिष्ट्रार - ३ जना पदेन सदस्य<br>(ङ)नेपाल ईन्जिनियर्स एशोसिएसनबाट निर्वाचित गरी पठाउने नेपाल ईन्जिनियरिङ परिषदका सदस्यहरु - ५ जना सदस्य<br>(च) एशोसिएसनका निवर्तमान उपाध्यक्ष, महासचिव, उपमहासचिव र कोषाध्यक्ष- ४ जना पदेन सदस्य<br>(छ)केन्द्रीय कार्यकारिणी समितिबाट नेपाल सरकारका वहाल वाला प्रथम तथा विशिष्ट श्रेणीका कर्मचारी ईन्जिनियरहरु मध्येबाट मनोनित - ४ जना सदस्य<br>(ज)विश्वविद्यालय मातहत ईन्जिनियरिङ अध्ययन संस्थानका डिनहरुमध्ये कार्यकारिणी समितिबाट मनोनित - २ जना सदस्य<br>(झ)ईन्जिनियरिङ कलेज/क्याम्पस प्रमुखहरु मध्येबाट कार्यकारिणी समितिबाट मनोनित - २ जना सदस्य<br>(ञ)हाल कायम रहेका ने.ई.ए. संस्थागत सदस्यहरुका अध्यक्षहरु- पदेन सदस्य<br>(ट)नीजि क्षेत्रका सेवा प्रदायक संस्था तथा ईन्जिनियरिङ परामर्शदातृ संस्थाका प्रतिनिधीहरुमध्ये कार्यकारिणी समितिबाट मनोनित - २ जना सदस्य<br>(ठ) नीजि क्षेत्रका उद्योग व्यवसायमा कार्यरत प्रतिनिधीहरुमध्ये कार्यकारिणी समितिबाट मनोनित - २ जना सदस्य<br>(ड)कार्यकारिणी समितिले एशोसिएसनका सदस्यहरुमध्येबाट मनोनित गर्ने महिला ईन्जिनियर/आर्किटेक्ट - २ जना सदस्य<br>(ढ) निर्माण व्यवसाय क्षेत्रमा कार्यरत ईन्जिनियरहरु मध्येबाट कार्यकारिणी समितिबाट मनोनित - २ जना सदस्य<br>(ण)केन्द्रीय कार्यकारिणी समितिको निर्वाचनमा निकटतम प्रतिद्वन्दी उपविजेताहरुबाट पहिलो उपविजेता अध्यक्ष, उपाध्यक्ष, महासचिव, - ३ जना सदस्य<br>(त) नेपाल ईन्जिनियर्स एशोसिएसनको वहालवाला महासचिव - सदस्य सचिव<br>द्रस्टव्य:<br>(क)माथि उल्लेखित बुँदाहरुमा मनोनयन हुने सदस्यहरु कम्तिमा नेपाल ईन्जिनियर्स एशोसिएसनको १० वर्ष को सदस्यता कायम रहेको हुनुपर्नेछ ।<br>(ख) केन्द्रिय कार्यकारिणी समितिले पदभार ग्रहण गरेको ३ (तीन) महिनाभित्र सल्लाहकार परिषदको गठन गरिसक्नुपर्नेछ ।<br>(ग) यसरी गठन हुने सल्लाहकार परिषदका मनोनित तथा पदेन सदस्यहरु अनिवार्य रुपमा संस्थाको नविकृत सदस्य हुनपर्नेछ । | |

९

| | | | |
|---|---|---|---|
| १२. | कार्यकारिणी परिषद्<br>१)एशोसिएसनको कार्य सञ्चालन र प्रवर्धनको निमित्त देहाय अनुसारको पदाधिकारी र सदस्यहरु भएको एक कार्यकारिणी परिषद् रहनेछ ।<br>अध्यक्ष १<br>उपाध्यक्ष १<br>महासचिव १<br>उप-महासचिव १<br>कोषाध्यक्ष १<br>सदस्य १०<br>जम्मा १५ जना<br>परिषद्ले आवश्यक सम्झेमा सदस्यहरु मध्येबाट एकजनालाई सह-कोषाध्यक्ष नियुक्ति गर्न सक्नेछ । | केन्द्रिय कार्यकारिणी समिति: संस्थाको उद्देश्य पूरा गर्न आवश्यक नियम, विनियम, कार्यविधी, निर्देशिका, आचारसंहिता निर्माण गर्ने, संस्थाको कोष र सम्पत्ति सुरक्षित तवरले उपयोग गर्ने गराउने, संस्थाका लागि आवश्यक कर्मचारी नियुक्ति गर्ने र कर्मचारीहरुको सेवा, सुविधा, भत्ता लगायत आवश्यक अन्य व्यवस्थापन गर्ने, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था र संगठनहरुसँग मित्रता कायम गर्ने, संस्थाले गरिरहेको कार्यमा निरीक्षण, अनुगमन तथा मूल्यांकन गर्ने लगायतका कार्यहरु गर्न गराउन एशोसिएसनको निम्न बमोजिमको २५ सदस्यीय एक कार्यकारिणी समिति गठन हुनेछ ।<br>(अ) प्रत्यक्ष निर्वाचनबाट निर्वाचित अध्यक्ष - १<br>(आ) प्रत्यक्ष निर्वाचनबाट निर्वाचित उपाध्यक्ष - १<br>(इ) प्रत्यक्ष निर्वाचनबाट निर्वाचित महासचिव - १<br>(ई) प्रत्यक्ष निर्वाचनबाट निर्वाचित उपमहासचिव - १<br>(उ) प्रत्यक्ष निर्वाचनबाट निर्वाचित कोषाध्यक्ष - १<br>(ऊ) प्रत्यक्ष निर्वाचनबाट निर्वाचित सहकोषाध्यक्ष - १<br>(ए) प्रत्यक्ष निर्वाचनबाट निर्वाचित सदस्य - १२<br>(ऐ) प्रत्यक्ष निर्वाचनद्वारा सम्बन्धित प्रादेशिक केन्द्रबाट निर्वाचित सदस्य -७ | सदस्य संख्या वृद्धिसँगै केन्द्रीय कार्यकारिणी समितिमा पदाधिकारी तथा सदस्यहरुको संख्या विस्तार गर्न आवश्यक भएकोले |
| १३. | साविकमा व्यवस्था नभएको | (३)प्रदेश केन्द्र: सम्बन्धित प्रदेश केन्द्रमा कार्यरत तथा आबद्ध मतदाता ईन्जिनियर सदस्यहरुद्वारा प्रत्यक्ष निर्वाचन प्रणालीबाट वा सर्वसम्मत रुपमा निर्वाचित देहाय बमोजिमको १५ सदस्यीय कार्यकारिणी समिति रहनेछ ।<br>सभापति १<br>उपसभापति १<br>सचिव १<br>सहसचिव १<br>कोषाध्यक्ष १<br>सदस्य १०<br>(क) प्रदेश कार्यकारिणी समितिले आफूलाई आवश्यक पर्ने नियम उपनियम बनाई लागू गर्न केन्द्रिय कार्यकारिणी समितिको स्विकृति लिनुपर्नेछ भने अन्य सभा, सेमिनार गर्न, आर्थिक स्रोत जुटाउन र खर्च गर्न आफैंले सक्नेछ । | संघीय संरचना अनुसार समायोजन गरिएको |

| | | | |
|---|---|---|---|
| | | (४) स्थानीय केन्द्र : स्थानीय केन्द्र स्थापना हुनको लागि कम्तिमा २५ जना सम्बन्धित स्थानीय केन्द्रमा आवद्ध रही त्यस क्षेत्रमा कार्यरत सदस्य ईन्जिनियरहरुले तोकिए बमोजिमको रित पुऱ्याई आवेदन दिएमा त्यस्तो स्थानमा प्रदेश केन्द्रको सिफारिसमा केन्द्रीय कार्यकारिणी समितिद्वारा आवश्यकता अनुसार स्थानीय केन्द्र खोल्न स्विकृति प्रदान गरिनेछ । यसरी स्थापित स्थानीय केन्द्रमा आवद्ध ईन्जिनियर सदस्यहरुद्वारा प्रत्यक्ष निर्वाचन प्रणाली वा सर्वसम्वत निर्वाचित देहाय बमोजिमको ९ सदस्यीय एक कार्यकारिणी समिति गठन हुनेछ ।<br>सभापति १<br>उपसभापति १<br>सचिव १<br>कोषाध्यक्ष १<br>सदस्य ५<br>९ | |

| | | | |
|---|---|---|---|
| १४. | साविकमा व्यवस्था नभएको<br><br>सहकोषाध्यक्षको पद साविकमा छुट्टै व्यवस्था नभएको | उमेदवारको योग्यता:<br>(१)केन्द्रिय कार्यकारिणी समिति:<br>(अ) अध्यक्ष: १५ बर्ष भन्दा बढी एशोसिएसनको सदस्यता कायम रहेको ।<br>(आ) उपाध्यक्ष तथा महासचिव: १० बर्ष भन्दाबढी एशोसिएसनको सदस्यता कायम रहेको ।<br>(ई) उपमहासचिव तथा कोषाध्यक्ष: ५ बर्ष भन्दाबढी एशोसिएसनको सदस्यता कायम रहेको ।<br>(ऊ)सहकोषाध्यक्ष: ३ बर्ष भन्दाबढी एशोसिएसनको सदस्यता कायम रहेको ।<br>(ऐ) कार्यकारिणी समिति सदस्य: २ बर्ष भन्दाबढी एशोसिएसनको सदस्यता कायम रहेको ।<br>(२) प्रदेश केन्द्र कार्यकारिणी समिति:<br>(अ) सभापति: ७ बर्ष भन्दा बढी एशोसिएसनको सदस्यता कायम रहेको ।<br>(आ) उपसभापति: ४ बर्ष भन्दा बढी एशोसिएसनको सदस्यता कायम रहेको ।<br>(इ) सचिव: ४ बर्ष भन्दा बढी एशोसिएसनको सदस्यता कायम रहेको ।<br>(ई) सहसचिव: २ बर्ष भन्दा बढी एशोसिएसनको सदस्यता कायम रहेको ।<br>(उ) कोषाध्यक्ष: २ बर्ष भन्दा बढी एशोसिएसनको सदस्यता कायम रहेको ।<br>(ऊ) कार्यकारिणी सदस्य: १ बर्ष भन्दा बढी एशोसिएसनको सदस्यता कायम रहेको ।<br>(३) स्थानीय केन्द्र कार्यकारिणी समिति:<br>(अ) सभापति: २ बर्ष भन्दा बढी एशोसिएसनको सदस्यता कायम रहेको र अन्य पदहरुको हकमा सस्दयता कायम रहेको अवधिको बन्देज हुने छैन । | हाल आवश्यक देखिएकोले |
| १५. | पदावधी: कार्यकारिणी परिषद्को पदावधी सामान्यतया २ वर्षको हुनेछ । तर, (क) नयाँ उत्तराधिकारीको निर्वाचन नभएसम्म पदावधि कायमै रहेको मानिनेछ ।<br>(ख) यस विधानका अन्य व्यवस्थामा जुनसुकै कुरा लेखिएको भएतापनि यो संशोधन लागु भएका वर्ष कायम रहेको परिषदको पदावधी आगामी वर्षको भाद्र मसान्तसम्ममा समाप्त हुनेछ । | संस्थाको संगठन अन्तगर्त रहेका सांगठनिक संरचनाहरु मध्ये सल्लाहकार परिषद्, केन्द्रिय कार्यकारिणी समिति, प्रदेश केन्द्र र स्थानीय केन्द्रको पदावधी २ बर्षको हुनेछ । केन्द्रीय कार्यकारिणी समिति तथा प्रदेश समितिको निर्वाचन एकै दिन एकै साथ हुनेछ तर संस्थाको नयाँ निर्वाचन नभएसम्म संस्थाका पदाधिकारी तथा सदस्यहरुको पदावधि कायमै रहेको मानिनेछ । | ~~पदावधी [illegible]~~<br>~~श्रम [illegible]~~<br>~~आवश्यक [illegible]~~<br>एक रुपता अपनाइएको |
| १६. | | २० प्रदेश केन्द्र तथा स्थानीय केन्द्रको कार्यकारिणी समिति एवं पदाधिकारीहरुको कर्तव्य र अधिकार:<br>(१) कर्तव्य र अधिकार:<br>(अ) प्रदेश केन्द:<br>(क)आ-आफ्नो प्रदेशमा आवद्ध इन्जिनियरहरुको लगत दुरुस्त राख्ने ।<br>(ख)प्रदेशस्तरको कार्यक्रमहरुलाई वढवा दिई प्रदेश केन्द्रलाई संस्थागत गर्ने ।<br>(ग)प्रदेश केन्द्रमा आवद्ध इन्जिनियरहरुको सदस्यता नवीकरण तथा नयाँ सदस्यताको लागि प्रयत्नशील रहने ।<br>(घ)प्रदेश केन्द्रको भौतिक पूर्वाधार विकास तथा संस्थागत विकासको लागि पहल गर्ने ।<br>(ङ)केन्द्रीय कार्यकारिणी समितिसँग नियमित समन्वय राख्ने । | विधान संघीय संरचना अनुरुप बनाउनुपर्ने भएकाले व्यवस्था थप गरीएको । |

(च)केन्द्रीय कार्यकारिणी समितिको नीति, निर्देशनको परिपालना गर्ने ।
(छ)केन्द्रीय कार्यकारिणी समितिको प्रदेश शाखाको रुपमा रुपमा कार्य गर्ने ।
(ज)वार्षिक वासलात केन्द्रिय कार्यकारिणी समक्ष पेश गर्ने ।
(झ) एशोसिएसनको उद्देश्य परिपूर्तिका लागि बिभिन्न पेशागत गतिविधिहरु संचालन गर्ने ।
(आ) स्थानीय केन्द्र :
(क)आ-आफ्नो स्थानीय तहमा आवद्ध इन्जिनियरहरुको लगत दुरुस्त राख्ने ।
(ख)प्रदेश केन्द्रसँग समन्वय गरी स्थानीयस्तरको कार्यक्रमहरुलाई बढवा दिई संस्थागत गर्ने ।
(ग)स्थानीय केन्द्रमा आवद्ध इन्जिनियरहरुको सदस्यता नवीकरण तथा नयाँ सदस्यताको लागि प्रयत्नशील रहने ।
(घ) स्थानीय केन्द्रको भौतिक पूर्वाधार विकास तथा संस्थागत विकासको लागि पहल गर्ने ।
(ङ) प्रदेश कार्यकारिणी समितिसँग नियमित समन्वय राख्ने ।
(च) केन्द्रीय कार्यकारिणी समिति तथा प्रादेशिक कार्यकारिणी समितिको नीति, निर्देशनको परिपालना गर्ने ।
(छ) केन्द्रीय कार्यकारिणी समितिको स्थानीय शाखाको रुपमा रुपमा कार्य गर्ने ।
(ज) वार्षिक वासलात प्रदेश कार्यकारिणी समक्ष पेश गर्ने ।
(झ) एशोसिएसनको उद्देश्य परिपूर्तिका लागि बिभिन्न पेशागत गतिविधिहरु संचालन गर्ने ।
(२) प्रदेश केन्द्रका पदाधिकारीहरुको कर्तव्य र अधिकार:
(क) सभापति:
(१) कार्यकारिणी समितिको प्रमुखको रुपमा प्रदेश केन्द्रलाई नेतृत्व प्रदान गर्ने ।
(२) कार्यकारिणी समितिको अध्यक्षता गर्ने र कुनैपनि बैठक वा सभामा कुनै कुरामा निर्णय गर्दा मत बराबर भएमा निर्णायक मत दिने ।
(३) आफू वा समिति विरुद्धको अविश्वासमा छलफल हुने प्रदेश सभामा बाहेक समितिको अन्य कार्यक्रम तथा सभामा अध्यक्षता गर्ने ।
(४) एशोसिएसनको उद्देश्य, क्रियाकलाप, विधानको आसय अनुसार काम भए नभएको रेखदेखका साथै कार्यान्वयनको पूर्ण जिम्मेबारी बहन गर्ने ।
(५) समितिको बैठक बोलाउन निर्देशन तथा स्वीकृति दिन सक्ने ।
(६) यस विधान तथा यस अन्तर्गत बनेको नियम उपनियमले दिएका अधिकारको प्रयोग तथा कर्तव्य पालना गर्ने ।
(७) आफ्नो केही वा सम्पूर्ण अधिकार र आफ्नो उत्तरदायित्वको कुनै काम उपसभापतिलाई प्रत्योजन गर्न सक्ने ।
(ख) उपसभापति:
(१) प्रदेश केन्द्रको पेशागत क्रियाकलाप,गतिबिधि र आवद्ध सदस्यहरुको अभिलेख दुरुस्त राख्ने ।
(२) प्रदेश स्तरको कार्यक्रमहरुलाई बढावा दिई प्रदेश केन्द्रलाई संस्थागत गर्ने ।

(३) सभापतिद्वारा प्रत्यायोजित अधिकारको उपयोग गर्ने ।

(ग) सचिव:

(१) सभापतिको राय समेत लिई दैनिक कार्य सञ्चालन गर्ने ।

(२) प्रदेश सभा एवं समितिका नीति निर्देशन तथा कार्यक्रम कार्यान्वयन गर्ने ।

(३) प्रदेश सभामा वार्षिक प्रतिवेदन तथा कार्यक्रमहरु पेश गर्ने ।

(४) सभापतिलाई सभा अगावै प्रदेशकेन्द्र सम्बन्धी सम्पूर्ण गतिविधीहरुको पूर्ण जानकारी दिने ।

(५) सभापतिको परामर्श एवं स्वीकृतिमा सभा, बैठक आदि बोलाउने र सञ्चालन गर्ने ।

(६) समितिको बैठकको लागि प्रस्ताव सहितको सूचना समितिका सदस्यहरुलाई दिने ।

(७) प्रदेश केन्द्रका विभिन्न सभा बैठकमा भएका आदेश तथा निर्णयहरुको माइन्यूट कायम राख्ने ।

(८) प्रदेश केन्द्रमा आवद्ध सदस्यको लगत राख्ने र समितिको तर्फबाट पत्र व्यवहार गर्ने ।

(९) यस विधान र यस अन्तर्गत बनेका नियम उपनियममा लेखिएका अधिकारको उपयोग र पालना गर्ने ।

(१०) आफ्नो केही वा सम्पूर्ण अधिकार र आफ्नो उत्तरदायित्वको कुनै काम सहसचिवलाई प्रत्योजन गर्न सक्नेछ ।

(घ) सहसचिव:

(१) दैनिक कार्यभार सञ्चालन प्रक्रियामा सचिवलाई सहयोग गर्ने ।

(२) सचिवको अनुपस्थिति वा निजको पद रिक्त हुन आएमा यस विधानद्वारा प्रदत्त सम्पूर्ण कार्यभार सञ्चालन तथा अधिकारको उपयोग एवं कर्तव्यको पालना गर्ने ।

(३) स्थानीय केन्द्र गठनको लागि प्राप्त आवेदन माथि विचार गरी समिति वा समितिले तोकेको पदाधिकारी समक्ष पेश गर्ने र त्यसको लगत राख्ने ।

(४) आफूलाई प्रत्योजित अधिकारको उपयोग एवं कर्तव्यको पालना गर्ने ।

(ङ) कोषाध्यक्ष:

(१) प्रदेश केन्द्रको चल अचल सम्पत्तिका साथै कोष तथा लेखासम्बन्धी सम्पूर्ण उत्तरदायित्व बहन गर्ने ।

(२) प्रदेश केन्द्रका सदस्यहरुको दर्ता अभिलेख राख्ने र समसामयिक बनाउने ।

(३) सभापतिको लिखित सिफारिसमा रकम भुक्तानी गर्ने ।

(४) यस विधान तथा विधान अन्तर्गत बनेका नियम उपनियमहरुले तोकेको अधिकारको उपयोग एवं कर्तव्य पालना गर्ने ।

(च) सदस्य:

(१) एशोसिएसनको उद्देश्य प्राप्ति तथा क्रियाकलापमा सक्रिय भूमिका निर्वाह गर्ने ।

(२) प्रदेश केन्द्रको निर्णय अनुसारको कार्य तथा सभापति वा सचिवको लिखित निर्देशनमा दिएको कार्यहरु गर्ने ।

(३) एशोसिएसनको हित र संस्थागत विकासको लागि सदैव दत्तचित्त रहने ।

२१. स्थानीय केन्द्रका पदाधिकारीहरुको कर्तव्य र अधिकार:

(क) सभापति:

(१) कार्यकारिणी समितिको प्रमुखको रुपमा स्थानीय केन्द्रलाई नेतृत्व प्रदान गर्ने ।

(२) कार्यकारिणी समितिको अध्यक्षता गर्ने र कुनैपनि बैठक वा सभामा कुनै कुरामा निर्णय गर्दा मत बराबर भएमा निर्णायक मत दिने ।

(३) आफू वा समिति विरुद्धको अविश्वासमा छलफल हुने प्रदेश सभामा बाहेक समितिको अन्य कार्यक्रम तथा सभामा अध्यक्षता गर्ने ।

(४) एशोसिएसनको उद्देश्य, क्रियाकलाप, विधानको आसय अनुसार काम भए नभएको रेखदेखका साथै कार्यान्वयनको पूर्ण जिम्मेवारी बहन गर्ने ।

(५) समितिको बैठक बोलाउन निर्देशन तथा स्वीकृति दिन सक्ने ।

(६) यस विधान तथा यस अन्तर्गत बनेको नियम उपनियमले दिएका अधिकारको प्रयोग तथा कर्तव्य पालना गर्ने ।

(७) आफ्नो केही वा सम्पूर्ण अधिकार र आफ्नो उत्तरदायित्वको कुनै काम उपसभापतिलाई प्रत्योजन गर्न सक्ने ।

(ख) उपसभापति:

(१) स्थानीय केन्द्रको पेशागत क्रियाकलाप,गतिविधि र आवद्ध सदस्यहरुको अभिलेख दुरुस्त राख्ने

(२) स्थानीय स्तरको कार्यक्रमहरुलाई बढावा दिई प्रदेश केन्द्रलाई संस्थागत गर्ने ।

(३) सभापतिद्वारा प्रत्यायोजित अधिकारको उपयोग गर्ने ।

(ग) सचिव:

(१) सभापतिको राय समेत लिई दैनिक कार्य सञ्चालन गर्ने ।

(२) स्थानीय सभा एवं समितिका नीति निर्देशन तथा कार्यक्रम कार्यान्वयन गर्ने ।

(३) स्थानीय सभामा वार्षिक प्रतिवेदन तथा कार्यक्रमहरु पेश गर्ने ।

(४) सभापतिलाई सभा अगावै स्थानीय केन्द्र सम्बन्धी सम्पूर्ण गतिविधीहरुको पूर्ण जानकारी दिने ।

(५) सभापतिको परामर्श एवं स्वीकृतिमा सभा, बैठक आदि बोलाउने र सञ्चालन गर्ने ।

(६) समितिको बैठकको लागि प्रस्ताव सहितको सूचना समितिका सदस्यहरुलाई दिने ।

(७) स्थानीय केन्द्रका विभिन्न सभा बैठकमा भएका आदेश तथा निर्णयहरुको माइन्यूट कायम राख्ने ।

(८) स्थानीय केन्द्रमा आवद्ध सदस्यको लगत राख्ने र समितिको तर्फबाट पत्र व्यवहार गर्ने ।

(९) यस विधान र यस अन्तर्गत बनेका नियम उपनियममा लेखिएका अधिकारको उपयोग र पालना गर्ने ।

(१०) आफ्नो केही वा सम्पूर्ण अधिकार र आफ्नो उत्तरदायित्वको कुनै काम सहसचिवलाई

| | | | |
|---|---|---|---|
| | | प्रत्योजन गर्न सक्नेछ ।<br>(ङ) सहसचिवः<br>(१) दैनिक कार्यभार सञ्चालन प्रक्रियामा सचिवलाई सहयोग गर्ने ।<br>(२) सचिवको अनुपस्थिति वा निजको पद रिक्त हुन आएमा यस विधानद्वारा प्रदत्त सम्पूर्ण कार्यभार सञ्चालन तथा अधिकारको उपयोग एवं कर्तव्यको पालना गर्ने ।<br>(३) आफूलाई प्रत्योजित अधिकारको उपयोग एवं कर्तव्यको पालना गर्ने ।<br>(च) कोषाध्यक्षः<br>(१) स्थानीय केन्द्रको चल अचल सम्पत्तिका साथै कोष तथा लेखासम्बन्धी सम्पूर्ण उत्तरदायित्व बहन गर्ने ।<br>(२) स्थानीय केन्द्रका सदस्यहरुको दर्ता अभिलेख राख्ने र समसामयिक बनाउने ।<br>(३) सभापतिको लिखित सिफारिसमा रकम भुक्तानी गर्ने ।<br>(४) यस विधान तथा विधान अन्तर्गत बनेका नियम उपनियमहरुले तोकेको अधिकारको उपयोग एवं कर्तव्य पालना गर्ने ।<br>(छ) सदस्यः<br>(१) एशोसिएसनको उद्देश्य प्राप्ति तथा क्रियाकलापमा सक्रिय भूमिका निर्वाह गर्ने ।<br>(२) स्थानीय केन्द्रको निर्णय अनुसारको कार्य तथा सभापति वा सचिवको लिखित निर्देशनमा दिएको कार्यहरु गर्ने ।<br>(३) एशोसिएसनको हित र संस्थागत विकासको लागि सदैव दत्तचित्त रहने । | |

दफा - १५ आयश्रोत र लेखा परिक्षण

आयश्रोत

एशोसिएसनको आयश्रोत निम्न बमोजिम हनेछ :-

क) सदस्यता शुल्क ।

ख) ✿ नेपाल सरकार[1] तथा अन्य व्यक्ति वा निकायहरुबाट प्राप्त अनुदान ।

ग) अन्य श्रोत ।

लेखा परिक्षण

एशोसिएसनको प्रत्येक वर्ष आषाढ मसान्तसम्मको आय व्यय विवरण स्रेस्ता आदि साधारण सभाले तोकेको लेखा परिक्षक वा लेखा परिक्षण समितिबाट परीक्षण गराई साधारण सभामा प्रस्तुत गर्नु पर्नेछ ।

२५ आर्थिक व्यवस्था:

(क)संस्थाको कोष : एशोसिएसनको आफ्नो छुट्टै एउटा कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरु जम्मा हुनेछन्

(अ) सदस्यता वापतको शुल्क ।

(आ) कसैले स्वेच्छाले दिएको अनुदान वा सहायता वापतको रकम ।

(इ) नेपाल सरकार तथा अन्य व्यक्ति, संस्था वा निकायहरुबाट प्राप्त अनुदान ।

(ई) एशोसिएसनको चल अचल सम्पत्ति वा अन्य वस्तुको बिक्रीबाट प्राप्त रकम ।

(उ) समितिले तोकेको अन्य शुल्कबाट संकलित रकम ।

(ऊ) सभा सम्मेलन आदि आयोजनाबाट प्राप्त आम्दानी रकम ।

(ए) विदेशी संस्था व्यक्ति वा अन्तराष्ट्रिय संघ संस्थाबाट सहयोग वापत प्राप्त रकम

(ऐ) विदेशी संघ संस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिने भए संस्थाले समाज कल्याण परिषद्‌बाट स्विकृत लिइनेछ ।

(ख) कोष सञ्चालन:

(अ) एशोसिएसनको सम्पूर्ण आम्दानी रकम एशोसिएसनको नाममा नेपाल सरकारबाट स्वीकृति प्राप्त वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(आ) प्रदेश तथा स्थानीय केन्द्रको कोषको हकमा यस विधानको सैद्धान्तिक व्यवस्थासँग नबाझिने गरी प्रदेश तथा स्थानीय केन्द्रले राष्ट्रिय बैक बाट इजाजत प्राप्त वित्तिय संस्थामा खाता खोली सञ्चालन गर्न सक्नेछन ।

(ग) कोषको रकम खर्च गर्ने तरिका: एशोसिएसनको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिमको तरिका अपनाई खर्च गरिनेछ ।

(अ) वार्षिक कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।

(आ) कोषबाट खर्च भएको रकमको बार्षिक रुपमा आर्थिक प्रतिवेदन साधारणसभामा अनिवार्य रुपले पेश गर्नुपर्नेछ ।

(इ) कोषको रकम खर्च गर्दा तोकिए बमोजिमको रीत पुर्‍याई खर्च गर्नुपर्दछ ।

(घ) संस्थाको लेखा र लेखापरिक्षण :

(अ) एशोसिएसनको आयव्ययको लेखा प्रचलित कानुन बमोजिम स्पष्ट रुपमा राखिनेछ ।

(आ) एशोसिएसनको लेखापरीक्षण प्रतिवेदन कानुन बमोजिम रजिष्टर्ड लेखापरिक्षकबाट हुनेछ ।

(इ) एशोसिएसनको प्रत्येक बर्ष आषाढ मसान्तसम्मको आयव्यय विवरण स्रेस्ता आदि साधारण सभाले तोकेको लेखापरिक्षक वा लेखापरिक्षण समितिबाट परीक्षण गराई साधारणसभामा प्रस्तुत गर्नुपर्नेछ ।

(ई) एशोसिएसनको लेखापरिक्षण प्रतिवेदनको प्रति नेपाल सरकारको संबन्धित निकायहरुमा पेश गरिनेछ ।

| | |
|---|---|
| दफा - ९ निर्वाचन<br>१) मताधिकार र योग्यता<br>क) सदस्यले परिषदका पदाधिकारी र सदस्य पदको उम्मेदवार हुन र प्रत्येक पदका लागि एक एक व्यक्ति एकमतका आधारमा मतदान गर्न पाउनेछ।<br>ख) परिषदको निर्वाचनमा उम्मेदवार हुन चाहने सदस्यले एशोसिएसनलाई बुझाउनु पर्ने शुल्क र अन्य रकमहरु सबै उम्मेदवार हुनु अगावै चुक्ता गरेको हुनुपर्दछ ।<br>ग) निर्वाचनमा उम्मेदवार हुन र मत दिन यस विधान अन्तर्गतका अन्य कुनै दफाले अयोग्य भएको हुनु हुँदैन ।<br>२) निर्वाचन विधि<br>क) परिषद्ले आफ्नो कार्यकाल समाप्त हुनुभन्दा कम्तिमा ७५ दिन अगावै कम्तिमा ३ जनाको एक निर्वाचन समिति गठन गर्नेछ ।<br>ख) निर्वाचन समितिले गठन भएको ७ दिनभित्र निर्वाचन कार्यक्रम प्रकाशित गरी निर्वाचन प्रकृया प्रारम्भ गर्नेछ ।<br>ग) निर्वाचन समितिले तोकेको मितिभित्र उम्मेदवार हुन चाहने सदस्यले तोकिएको ढाँचामा उम्मेदवारी फर्म भरी तोकिएको समयभित्र निर्वाचन समितिलाई बुझाउनु पर्नेछ । | परिच्छेद - ८<br>निर्वाचन<br>२६. निर्वाचन सम्बन्धी व्यवस्था:<br>(क) एशोसिएसनको निर्वाचन देहाय बमोजिम हुनेछ :<br>(अ) कार्यकारिणी समितिका पदाधिकारीहरु र सदस्यहरुको निर्वाचन विधान तथा नेपालको प्रचलित कानुन एवं निर्वाचन कार्यविधी र निर्देशिकामा व्यवस्था भएबमोजिम एशोसिएसनका सदस्यहरुमध्येबाट प्रत्येक पदका लागि एक मताधिकारको आधारमा गोप्य मतदानद्वारा बहुमतको निर्णयबाट गरिनेछ ।<br>(आ) कार्यकारिणी समितिको पदाधिकारी भई एउटै पदमा निरन्तर दुई (२) पटकको पदावधि पूरा गरिसकेपछि सोही पदमा तेश्रो कार्यकालका लागि उम्मेदवार हुन पाउने छैन । तर कार्यकारिणी समितिको सदस्य हुन कुनै बाधा या बन्देज रहने छैन ।<br>(ख) मताधिकार र योग्यता: केन्द्रिय कार्यकारिणी समिति, प्रदेश कार्यकिारणी समिति र स्थानीय कार्यकारिणी समितिको मताधिकार निम्न बमोजिम हुनेछ ।<br>(अ) सामान्यतया कार्यकारिणी समितिको निर्वाचनमा भागलिन चाहने सदस्यले एशोसिएसनलाई बुझाउनुपर्ने शुल्क र अन्य रकमहरु निर्वाचन समिति गठन हुनुभन्दा अगावै अधिल्लो वर्षसम्मको शुल्क चुक्ता गरेको हुनु पर्नेछ ।<br>(आ) बुँदा (अ) बमोजिमका मतदाता सदस्यले समितिका पदाधिकारी र सदस्य पदको उम्मेदवार हुन र प्रत्येक पदका लागि एक व्यक्ति एकमतका आधारमा मतदान गर्न पाउनेछ ।<br>(इ) निर्वाचनमा उम्मेदवार हुन र मत दिन यस विधान अन्तर्गतका अन्य कुनै दफाले अयोग्य भएको हुनुहुँदैन ।<br>(ग) उमेदवारको योग्यता:<br>(१) केन्द्रिय कार्यकारिणी समिति:<br>(अ) अध्यक्ष: १५ बर्ष भन्दा बढी एशोसिएसनको सदस्यता कायम रहेको ।<br>(आ) उपाध्यक्ष तथा महासचिव: १० बर्ष भन्दाबढी एशोसिएसनको सदस्यता कायम रहेको ।<br>(ई) उपमहासचिव तथा कोषाध्यक्ष: ५ बर्ष भन्दाबढी एशोसिएसनको सदस्यता कायम रहेको । |

(उ) सहकोषाध्यक्ष: ३ वर्ष भन्दा बढी एशोसिएसनको सदस्यता कायम रहेको

(ऊ) कार्यकारिणी समिति सदस्य: २ वर्ष भन्दाबढी एशोसिएसनको सदस्यता कायम रहेको ।

(२) प्रदेश केन्द्र कार्यकारिणी समिति:

(अ) सभापति: ७ वर्ष भन्दा बढी एशोसिएसनको सदस्यता कायम रहेको ।

(आ) उपसभापति: ४ वर्ष भन्दा बढी एशोसिएसनको सदस्यता कायम रहेको ।

(इ) सचिव: ४ वर्ष भन्दा बढी एशोसिएसनको सदस्यता कायम रहेको ।

(ई) सहसचिव: २ वर्ष भन्दा बढी एशोसिएसनको सदस्यता कायम रहेको ।

(उ) कोषाध्यक्ष: २ वर्ष भन्दा बढी एशोसिएसनको सदस्यता कायम रहेको ।

(ऊ) कार्यकारिणी सदस्य: १ वर्ष भन्दा बढी एशोसिएसनको सदस्यता कायम रहेको ।

(३) स्थानीय केन्द्र कार्यकारिणी समिति:

(अ) सभापति: २ वर्ष भन्दा बढी एशोसिएसनको सदस्यता कायम रहेको र अन्य पदहरुको हकमा सस्दयता कायम रहेको अवधिको बन्देज हुने छैन ।

२७. निर्वाचन विधी:

(क) समितिले आफ्नो कार्यकाल समाप्त हुनुभन्दा कम्तिमा ९० दिन अगावै संयोजक सहित ५ सदस्यीय एक निर्वाचन समिति गठन गर्नेछ ।

(ख) निर्वाचन समितिले गठन भएको १० दिनभित्र निर्वाचन कार्यक्रम प्रकाशित गरी निर्वाचन प्रकृया प्रारम्भ गर्नेछ ।

(ग) निर्वाचन समितिले तोकेको मितिभित्र उम्मेदवार हुन चाहने सदस्यले तोकिएको ढाँचामा उम्मेदवारी फर्म भरी तोकिएको समयभित्र निर्वाचन समितिलाई बुझाउनुपर्नेछ ।

२८. निर्वाचन समिति तथा मतदान केन्द्र:

(क) निर्वाचन तथा मतदान केन्द्र निर्वाचन समितिले तोके बमोजिम हुनेछ । निर्वाचनका लागि स्थान मिति र समय निर्वाचन समितिले तय गर्नेछ ।

(ख) निर्वाचनका सम्बन्धमा उठेका बिवादहरुको निर्णय गर्ने र निर्वाचनको अन्तिम परिणामको घोषणा गर्ने अधिकार निर्वाचन समितिमा रहनेछ ।

२९. केन्द्रिय कार्यकारिणी समितिको निर्वाचन:

(क) केन्द्रिय कार्यकारिणी समितिको लागि देहाय बमोजिको पदाधिकारी तथा सदस्यहरुको निर्वाचन प्रत्यक्ष निर्वाचन प्रणालीबाट एक पद एक मतको

| | | |
|---|---|---|
| | | आधारमा तोकिएको मतदान केन्द्रबाट गोप्य मतदानद्वारा निर्वाचित हुनेछन् :<br>(अ) अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष र सहकोषाध्यक्ष<br>(आ) कार्यकारिणी सदस्य: प्रत्यक्ष निर्वाचन प्रणालीबाट एक पद एक मतको आधारमा तोकिएका मतदान केन्द्रबाट गोप्य मतदानद्वारा निर्वाचित - १२ जना<br>(इ) प्रत्यक्ष निर्वाचन प्रणालीबाट एक पद एक मतको आधारमा सम्बद्ध प्रदेश केन्द्रसंग आबद्ध मतदाता ईन्जिनियर सदस्यहरुमध्येबाट प्रदेश केन्द्रमा तोकिएको मतदान केन्द्रबाट निर्वाचित ७ जना<br>३०. प्रदेश समिति र स्थानीय समितिको निर्वाचन: कार्यसमितिको निर्वाचन नभएसम्मको लागि केन्द्रिय कार्यकारिणी समितिले प्रदेश केन्द्र ~~र स्थानीय केन्द्र~~मा तदर्थ समिति गठन गर्नेछ र तदर्थ समिति गठन भएको ६ महिनाभित्र केन्द्रिय कार्यकारिणी समितिले प्रदेश केन्द्र ~~र प्रदेश केन्द्र र स्थानीय केन्द्र~~को निर्वाचन गराउनुपर्नेछ । यसरी निर्वाचित हुने प्रदेश समिति ~~तथा स्थानीय समितिको~~ पदहरुमा प्रत्यक्ष निर्वाचन प्रणालीबाट एक पद एक मतको आधारमा सम्बन्धित प्रदेश तथा स्थानीय केन्द्रमा आबद्ध मतदाता सदस्यहरुबाट निर्वाचन गरिनेछ । | |

| | | | |
|---|---|---|---|
| १७. | साविकमा व्यवस्था नभएको । | ३५.शपथ: एशोसिएसनका कार्यसमिति अध्यक्षले निर्वाचन समितिको अध्यक्षबाट र अन्य पदाधिकारी तथा सदस्यहरुले कार्यसमितिका अध्यक्ष समक्ष तोकिएको ढांचा बमोजिम शपथग्रहण गर्नुपर्नेछ । | विधानलाई निश्चित ढाँचामा लैजानुपर्ने भएकाले । |
| १८. | साविकमा व्यवस्था नभएको । | ३७.नियम विनियम बनाउने अधिकार : यस विधानको अधिनमा रही केन्द्रीय कार्यसमितिले आवश्यकता अनुसार नियम विनियम बनाई लागू गर्न सक्नेछ । | विधानलाई निश्चित ढाँचामा लैजानुपर्ने भएकाले । |
| १९. | साविकमा व्यवस्था नभएको । | ३८.व्याख्या: यो विधान र विधान अन्तर्गत बनेको नियम बिनियमको व्याख्या गर्ने अधिकार केन्द्रीय कार्यसमितिलाई हुनेछ । | साविकमा व्यवस्था नभएकाले थप गरिएको । |
| २०. | साविकमा व्यवस्था नभएको । | ३९. गोप्यता भंग गर्न नहुने: यस एशोसिएसनका पदाधिकारी तथा सदस्यहरुले एशोसिएसनको गोप्यता भंग गरी अहित हुने कार्य गर्नुहुँदैन । कार्यसमितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुले बैठक वा साधारण सभामा असभ्य र अश्लील शब्द प्रयोग गर्न पाईने छैन । | विधानलाई निश्चित ढाँचामा लैजानुपर्ने भएकाले । |
| २१. | साविकमा व्यवस्था नभएको । | ४०. ऐन अनुसार हुने: यस विधानमा उल्लेख भएका कुराहरु यसै विधान अनुरुप र विधानमा उल्लेख नभएका कुराहरु नेपालको प्रचलित कानुन बमोजिम हुनेछ । विधानमा उल्लेख भएका कुराहरु संस्था दर्ता ऐन २०३४ वा प्रचलित कानुनसँग बाझिन गएमा बाझिएको हदसम्म स्वत: बदर हुनेछ । | विधानलाई निश्चित ढाँचामा लैजानुपर्ने भएकाले । |
| २२. | साविकमा व्यवस्था नभएको । | ४१.संस्थाको विघटन: एशोसिएसनका सम्पूर्ण सदस्य संख्याको दुईतिहाई बहुमतको निर्णयद्वारा एशोसिएसनको विघटन हुनेछ । यसरी विघटन हुँदा संस्थाको सम्पत्ति नेपालको प्रचलित ऐन कानुनको अनुसार हुनेछ । तर संस्थाको खारेजी प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामको लागि एक वा एक भन्दा बढी लिक्वेडिटरहरु र संस्थाको हिसाव किताब गर्नको लागी एक वा एक भन्दा बढि लेखा परिक्षाहरु नियुक्त गर्न सक्नेछ । | विधानलाई निश्चित ढाँचामा लैजानुपर्ने भएकाले । |
| २३. | १७.बचाउ र खारेजी:<br>(क)नेपाल इन्जिनियर्स एशोसिएसनको दोस्रो संशोधन अन्तर्गत भए गरेको कामहरु यसै विधान अनुसार भए गरेको मानिनेछ ।<br>(ख) नेपाल इन्जिनियर्स एशोसिएसनको तेस्रो सशोधित विधान खारेज गरिएको छ । | ४२.खारेजी र बचाउ :<br>(क) नेपाल इन्जिनियर्स एशोसिएसनको तेस्रो संशोधित विधान २०५१ अन्तर्गत भए गरेका कामहरु यसै विधान अनुसार भए गरेको मानिनेछ । | केही थपघट गरिएको । |

अनुसूचि

नेपाल ईन्जिनियर्स एशोसिएसन (ने.ई.ए.)

**३१ औं कार्यकारिणी परिषद् ।**

| | | |
|---|---|---|
| १. | ई. हरेराम श्रेष्ठ | - अध्यक्ष |
| २. | ई. उमा शंकर साह | - उपाध्यक्ष |
| ३. | ई. उमेश प्रसाद थानी | - महासचिव |
| ४. | ई. रवि भुषण झा | - उपमहासचिव |
| ५. | ई.(आ.) सुसन बैद्य | - कोषाध्यक्ष |
| ६. | ई. अनुप गौतम | - सदस्य |
| ७. | ई. संजय अधिकारी | - सदस्य |
| ८. | ई. रोवर्ट खनाल | - सदस्य |
| ९. | ई. अशोक राज गौतम | - सदस्य |
| १०. | ई. सरोज धिताल | - सदस्य |
| ११. | ई. नन्द कुमार ओझा | - सदस्य |
| १२. | ई. तपेन्द्र बहादुर खड्का | - सदस्य |
| १३. | ई. अन्जना भट्ट | - सदस्य |
| १४. | ई. होमनाथ पोखरेल | - सदस्य |
| १५. | ई. श्याम विक्रम खाँण | - सदस्य |